# स्थानीय राजपत्र


गोलन्जोर गाउँपालिका, ग्वालटार, सिन्धुलीद्वारा प्रकाशित

| खण्ड ४ | संख्या ७ | मितिः २०७७/०७/१९ |
|---|---|---|


## भाग - २

## गोलन्जोर गाउँपालिका

## सूचना

**सम्वत् २०७७ सालको कार्यविधि संख्या ७**

## गोलन्जोर गाउँपालिकाको यूवा स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि, (प्रथमा संशोधन) २०७७

**प्रस्तावानाः** कृषि तथा पशुपन्छीजन्य क्षेत्रको व्यवसाय प्रवर्द्धन गरी उत्पादन एवम् रोजगारी अभिवृद्धि गर्न, शिक्षित बेरोजगार युवाहरुलाई मुलुक भित्र रोजगारीका अवसरहरु सिर्जना गर्न, विदेशबाट फर्केका युवाहरुको विदेशमा आर्जन गरेको सिप र व्यवसायिक दक्षता उपयोग गर्दै उनीहरुलाई स्वरोजगार बनाउन, महिला उद्यमशील क्षमताको विकास गर्न, दलित समुदायको परम्परागत सिप र पेशालाई

आधुनिकीकरण एवम् प्रवर्द्धन गरी उद्यमशीलता विकास गर्न अनुदान, ऋण व्यवस्थापन गर्न तथा सहुलियतपूर्ण कर्जा उपलब्धताको लागि सहजीकरण गर्दै युवा उद्यमशीलता विकासका लागि यूवा स्वरोजगार कार्यक्रमलाई व्यवस्थीत गर्ने उद्धेश्यले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी गोलन्जोर गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस कार्यविधिको नाम "गोलन्जोर गाउँपालिकाको यूवा स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" प्रथम संशोधन रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत भएको मितिदेखी प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "उद्यमी" भन्नाले नाफा कमाउने उद्देश्यले उद्योग व्यवसाय सञ्चालनका लागि जोखिम बहन गरी लगानी गर्ने व्यक्ति वा समूहलाई जनाउँछ।

(ख) "यूवा " भन्नाले १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेका व्यक्ति लाई सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले गोलन्जोर गाउँकार्यपालिकाको कार्यालयलाई जनाउदछ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गोलन्जोर गाउँपालिकामा प्रमुख प्रशासकिय अधिकृतको रुपमा कार्य गर्न नेपाल सरकारवाट खटाईएको अधिकृतलाई सम्झनु पर्छ।

(ङ) "गाउँपालिका" भन्नाले गोलन्जोर गाउँपालिकालाई सम्झनुपर्छ।

(च) "अध्यक्ष" भन्नाले गोलन्जोर गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

(छ) "उपाध्यक्ष" भन्नाले गोलन्जोर गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।

(ज) "कार्यक्रम" भन्नाले गाउँपालिकाले संचालन गर्ने लघु उद्यम/उद्यमशीलता विकास/रोजगारी सिर्जना गर्ने कार्यक्रमलाई जनाउँछ।

(झ) "गरिब" भन्नाले नेपाल सरकारले निश्चित मापदण्ड अन्तर्गत समय-समयमा तोकेको राष्ट्रिय वा क्षेत्रगत गरिबीको रेखामुनि रहेको, शिक्षा, स्वास्थ्यजस्ता मानव विकासका सूचकहरूका आधारमा पिछडिएको र निश्चित लिङ्गगत तथा सामाजिक समूहका आधारमा राष्ट्रिय विकास प्रक्रियाको मूलप्रवाहमा समावेश हुन नसकेको व्यक्ति वा समूहलाई सम्झनु पर्छ। यस शब्दले नेपाल सरकारले गरिबीको परिचयपत्र वितरण गरेको अवस्थामा सो परिचयपत्र प्राप्त परिवारको सदस्यलाई समेत जनाउनेछ।

(ञ) "अति गरिव" भन्नाले नेपाल सरकारले तोकेको गरिबीको रेखाभित्र पर्नेहरू मध्ये ६० प्रतिशतभन्दा कम आय भएका व्यक्तिलाई सम्झनु पर्छ।

(ट) "सिप विकास तालिम" भन्नाले व्यवसाय स्थापना, विकास तथा प्रवर्द्धनका लागि आवश्यक पर्ने प्राविधिक सिपमूलक तालिमलाई जनाउँछ।

(ठ) "उद्यम" भन्नाले जीविकोपार्जन स्वारोजागार वा आय आर्जनका लागि सिर्जनात्मक आर्थिक क्रियाकलाप , उत्पादनमुलक र सेवामुलक व्यावसाय वा उद्योगलाई सम्झनु पर्छ।

(ड) "समिति" भन्नाले दफा ७(२) वमोजिम गठीत यूवा स्वरोगार समितिलाई सम्झनु पर्छ।

(ढ) "बैङ्क तथा वित्तिय संस्था" भन्नाले नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त 'क', 'ख', 'ग' र 'घ' वर्गका बैङ्क तथा वीत्तय संस्था सम्झनु पर्छ।

(ण) व्यवसाय भन्नाले नाफा कमाउने उद्देश्यले गरिने कुनै पनि कार्यलाइ सम्झनु पर्दछ।

(त) व्यवसायको प्रकार भन्नाले अद्यौगिक व्यवसाय ऐन २०७६ बमोजिम परिभाषित व्यवसायलाई सम्झनु पर्दछ।

(थ) विस्तृत बर्गिकरण भन्नाले यस कार्यविधिले भिन्न भिन्न व्यवसायको लागि तोकिएको परिमाण सम्झनु पर्दछ।

(द) उद्यम भन्नाले औद्योगिक व्यवसाय ऐन २०७६ बमोजिम लगानीको आधारमा तपशिल बमोजिम हुने छ।

(१) घरेलु उद्यम सिप र प्रविधिमा आधारित

(२) लघुउद्यम २० लाख सम्मको पुंजी भएको।

(३) साना उद्योग १५ करोड सम्म पुँजी भएको।

(४) मझौला उद्योग १५ करोड देखि ५० करोड सम्म पुंजी भएको।

(५) ठुला उद्योग ५० करोड भन्दा माथि पुँजी भएको

(ध) उत्पादनको आधारमा उद्यमको बर्गीकरण

(न) उर्जा मुलक उद्योग

(प) उत्पादनमुलक उद्योग

(फ) बन तथा पैदावारमा आधारित उद्योग

(ब) खनिज उद्योग

(भ) पूवाधार्र उद्योग

(म) सुचना प्रविधि,सञ्चार प्रसारण प्रविधिमा आधारीत उद्योग

(य) सेवामुलक उद्योग

## परिच्छेद – २

## कार्यक्रमको उद्देश्य, लक्षित समुह, कार्यक्रमको कार्यक्षेत्र र व्यवसायको लागि गरिने कार्यहरु सम्बन्धि व्यवस्था

३. **कार्यविधिको उद्देश्य** :– गाउँपालिकाले बार्षिक रुपमा लघु उद्यम विकास, उद्यमशीलता विकास र रोजगार/स्वरोजगार सिर्जनामा विनियोजित बजेट भित्र रहि न्यून व्याज, विना धितो ऋण लगानी तथा अन्य बैंक तथा वित्तिय संस्थामार्फत सहुलियतपूर्ण कर्जाका लागि सहजिकरणको माध्यमवाट समुह सृजना गरी प्रभावकारी रुपमा कार्यक्रम संचालन गर्नु यस कार्यविधिको उद्धेश्य रहेको छ।

४. **लक्षित समूह** :– अत्यन्त न्यून आय भएका गरिव घर परिवारका यूवा तथा मजदुर परिवारका स्वरोजगार हुन चाहने अन्य कुनै नोकरीमा संलग्न नभएका १८-५० वर्ष उमेर पुगेका यूवा सदस्यहरु यस कार्यक्रमका लक्षित समुहमा पर्दछन जस अर्न्तगत :

(क) गरिबीको रेखामुनि रहेका नेपाली नागरिकका परिवारका सदस्यहरू।

(ख) अति विपन्न वर्ग, पिछडिएका महिला, दलित, आदिवासी जनजातिहरू, एकल महिला, दुर्गम तथा सेवाको पहुँच कम भएका क्षेत्रका बासिन्दाहरु।

(ग) कुनै संस्था/कार्यालयमा आवद्ध रहेका वाहेक दैनिक रुपमा ज्याला मजदुरी गर्ने वा ढुङ्गा, वालुवा, गिट्टि छानी जिवन निर्वाह गरिरेहका व्यक्तिहरु तथा निजका परिवारका सदस्यहरु।

(घ) गोलन्जोर गाउँपालिकाका स्थायी बासिन्दा हुनुपर्ने।

तर यस दफामा उल्लेख भए अनुसार १८-५० वर्ष भित्रका व्यक्तिहरुका अलावा उपयुक्त व्यक्तिका समुहलाई पनि ऋण उपलब्ध गराउन उपयुक्त हुने देखिएमा दफा ६ वमोजिम गठित समितिको निर्णयनुसार लक्षित वर्ग तोकि ऋण/सहयोग उपलब्ध गराउन सकिने छ।

५. **कार्यक्रमको कार्यक्षेत्र** :– यस कार्यविधि वमोजिम गाउँपालिकाले देहायका क्षेत्रहरुमा केन्द्रित रही लगानीको कार्यक्रमहरु संचालन गर्नेछ।

(क) कृषि तथा पुशपक्षिंमा आधिरित उद्यम व्यावसाय

(ख) वनपैदावारमा आधारित उद्यम व्यावसाय

(ग) विज्ञान तथा सुचना प्रविधि र संचारमा आधारित उद्यम व्यावसाय

(घ) पर्यटन प्रर्वद्धनमा आधारित उद्यम व्यावसाय

(ङ) कलामा आधारित उद्यम व्यावसाय

(च) खाद्य प्रशोधनमा आधारित उद्यम व्यावसाय

(छ) सेवामुलक व्यवसाय

(ज) संस्कृती, साहित्य, सृजना, गीत संगीतमा आधारित उद्यम व्यावसाय

(झ) गाउँपालिकाले आवश्यकता महसुस गरी उपयुक्त ठानी छनौट गरिएका उद्यम व्यावसाय

(ञ) अन्य उद्यमलाई पनि गाउँपालिकाले आवश्यक ठानेमा

६. **व्यवसाय विकासका लागि गरिने कार्यहरु** : उद्यमी सिर्जनाका लागि गरिने विभिन्न कार्यहरू यस प्रकार रहेका छन :

(क) समूह निर्माण र क्षमता वृद्धि;

(ख) उद्यमशीलता विकास तालिम;

(ग) सिप विकास तालिम सञ्चालन;

(घ) कर्जा प्रवाह गर्न सहयोग र सहजीकरण;

(ङ) व्यवसाय विकास परामर्श तथा बजार विस्तार

(च) उपयुक्त प्रविधिमा पहुँचका लागि सहयोग र सहजीकरण

## परिच्छेद – ३

## कार्यक्रमको स्थापना र कार्यक्रम संचालन सम्बन्धि व्यवस्था

**७. उद्यम विकास कार्यक्रमको स्थापना :**

(१) यस कार्यविधिले व्यवस्था गरे बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न हरेक वर्ष गाउँसभाले आवस्यक रकम विनियोजन गरी कार्यक्रम संचालन गर्ने छ।

(२)(क)गाउँपालिकामा यूवा स्वोरोजागार कार्यक्रम संचालनका लागि देहाय बमोजिमको एक यूवा स्वरोजगार समिति रहनेछ :

| | | |
|---|---|---|
| संयोजक | : | अध्यक्ष, गोलन्जोर गाउँपालिका, सिन्धुली |
| सदस्य | : | प्रमुख प्रशासकिय अधिकृत, गोलन्जोर गाउँपालिका, सिन्धुली |
| सदस्य | : | गाउँसभा सदस्यहरु मध्येबाट अध्यक्षले मनोनित गरेका १८-५० बर्ष उमेर समुहका कम्तिमा १ जना महिला सहित ३ जना सदस्यहरु |
| सदस्य | : | आर्थिक प्रशासन शाखा प्रमुख, गोलन्जोर गाउँपालिका, सिन्धुली |
| सदस्य | : | प्रतिनिधि, उद्योग वाणिज्य संघ, गोलन्जोर गाउँपालिका, सिन्धुली |
| सदस्य | : | प्रमुख, महिला तथा बालबालिका शाखा, गोलन्जोर गाउँपालिका, सिन्धुली |
| सदस्य-सचिव | : | प्रमुख, उद्योग/सामाजिक विकास शाखा वा प्रमुख प्रशासकिय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी |

(ख) समितिको वैठक आवश्यकता अनुसार बस्नेछ।

(ग) समितिको वैठकमा आवश्यकता अनुसार विज्ञहरुलाई आमन्त्रित गर्न सकिनेछ।

(घ) समिति सदस्यहरुलाई उपलब्ध गराइने सेवा सुविधा तोकिए बमोजिम हुनेछ।

**८. कोषको स्थापना :-**

(१) गाउँपालिकाको यूवा स्वरोजागार कार्यक्रम संचालनका लागि गाउँपालिकाको संचित कोष अन्तर्गत देहाय वमोजिमका रकमहरु जम्मा गर्ने गरी एक “यूवा स्वरोजगार कोष” स्थापना गरिनेछ। यस कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ।

(क) संघीय सरकार र प्रदेश सरकारबाट लघु उद्यम, घरेलु तथा साना उद्योग र उद्यमशिलता विकाससंग सम्वन्धित कार्यक्रमका लागि प्राप्त रकम,

(ख) विकास साझेदारबाट प्राप्त रकम,

(ग) गाउँपालिकाले यूवा स्वरोजागार कार्यक्रम संचालनका लागि विनियोजन गरेको रकम,

(घ) यूवा स्वरोजगार लागि सामुदायिक संघ संस्था तथा निजी क्षेत्रबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकमहरु।

(च) ऋण लगानी फिर्ता रकम

(२) कोषको संचालन स्विकृत कार्यविधि बमोजिम हुनेछ तर कार्यविधि स्वीकृत नभए सम्म कोषको छुट्टै खाता संचालन नहुन्जेल सम्म गाउँपालिकाको खर्च खातावाटै कार्यक्रम संचालन हुने छ।

**९. यूवा स्वरोजगार कार्यक्रमको संचालन :**

(१) यूवा स्वरोजगार कर्यक्रममा विनियोजित भएको रकम वा कोषमा भएको रकम समितिको स्वीकृतिले रोजगारी सिर्जना, गरिबी निवारण, आय आर्जन, उद्यम र उद्यमशिलता विकास कार्यक्रम र सो सगं सम्बन्धित तालिम कार्यक्रम वाहेक अन्य कार्यक्रममा खर्च गर्न पाइने छैन । तर स्वीकृत रकमको १० (दश) प्रतिशतमा नबढाइ प्रशासनिक खर्च छुट्याउन सकिनेछ ।

## परिच्छेद – ४

## समितिको काम, कर्तव्य र अधिकार सम्बन्धि व्यवस्था

**१०. यूवा स्वरोजगार समितिको काम, कर्तव्य र अधिकार :**

(१) यूवा स्वरोजगार कार्यक्रम संयोजन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :

(क) गाउँपालिकाको गाउँसभाले स्वीकृत गरेको कार्यक्रम बमोजिम यूवा स्वरोजगारको लागि रकम खर्च गर्ने व्यवस्था गर्ने,

(ख) गाउँपालिका भित्र रहेका अत्यन्त न्युन आय भएका घरपरिवार तथा मजुदर घरपरिवार यूवालाई व्यवसाय संचालन गर्न आर्कर्षित गर्ने ,

(ग) बुदाँ नं (ख) बमोजिमका व्यक्ति वा परिवारहरुलाई उद्यमीका रुपमा विकास गर्नका लागि आवश्यक सिप तथा तालिमको पहिचान गर्ने र उपलब्ध रकमको परिधिभित्र रही गाउँपालिकावाट चालु आ. व. मा प्रदान गर्ने सिपविकास तथा तालिमको यकिन गर्ने,

(घ) बुदाँ नं (ग) बमोजिमको सिपविकास तथा तालिमको लागि बुदाँ नं (ख) बमोजिमका व्यक्ति वा परिवारहरुबाट आवेदन माग गर्ने।

(ङ) बुदाँ नं (घ) अनुसार पर्न आएका आवेदन उपर छानविन गरि गरीब र अति गरीब पहिचान गर्ने र सिप विकास तथा तालिमका लागि छनौट गर्ने ।

(च) आफ्नो कार्यक्षेत्र भित्र लघु उद्यम विकासमा काम गर्ने सरकारी, गैर सरकारी, निजिक्षेत्र, विकास साझेदार नागरिक समाजका सङ्घसंस्थाहरूसँग कार्यगत सम्बन्ध स्थापित गरी अनुकूल वातावरण तयार गर्ने;

(छ) लघु उद्यमीका उत्पादनहरूलाई बजार सुनिश्चित गर्न सम्बद्ध निजी क्षेत्रका सङ्घ संस्थाहरूसँग अन्तर्क्रिया, छलफल, परामर्श गर्ने;

(ज) यूवा उद्यमीहरूलाई वित्तीय सुविधा उपलब्ध गराउन आफ्नो कार्यक्षेत्र निकटमा रहेका बैंक तथा वित्तीय संस्थाहरूको पहिचान गरी उद्यमीहरूसँग सम्बन्ध स्थापित गराउने तथा सहुलियतपूर्ण कर्जाको व्यवस्थाका लागि आवस्यक सहजीकरण गर्ने;

(झ) कार्यक्रम सञ्चालन गर्ने यूवा विकास सहजकर्ता र अन्य क्षेत्रका सामाजिक परिचालकहरू बिच कार्यगत सम्बन्ध स्थापित गराउने;

(ञ) यूवा स्वरोजगार विकास सम्वन्धी संभावनाहरु खोजी गरि कार्यक्रम तर्जुमा गर्ने

(ट) गाउँ उद्यम विकास योजना तर्जुमा तथा कार्यान्वयन गर्न उद्योग विकास शाखा, मेडेप र अन्य सम्बद्ध सङ्घ सस्थाहरूसँग समन्वय स्थापित गर्ने;

(ठ) स्थानीय श्रोत साधनको अधिकतम उपयोग गर्न स्वरोजगार सिर्जनाका लागि लागि चेतना फैलाउने;

(ड) वडास्तरमा अति गरिब र समावेशी यूवालाई स्वरोजगार वनाई विकासका लागि स्थानीय समुदायलाई परिचालन गर्ने,

(ढ) स्थानीय तहमा कार्यक्रम कार्यान्वयन गर्न सम्भावित वडा तथा वस्तीहरु छनौट गर्ने,

(ण) लघु उद्यमी समूहहरुको संस्थागत क्षमता अभिबृद्धि गर्न सहयोग गर्ने,

(त) कार्यक्रम संचालन सम्बन्धमा आबश्यक निति तथा मापदण्ड बनाउने ।

(थ) कार्यक्रम संचालन गर्ने सबै यूवा उद्यमीले आवधिक (चौमासिक/वार्षिक) प्रतिवेदन तयार गर्न लगाउने ।

(द) माथिका उपदफा (ख) मा जनुसुकै कुरा लेखिएको भएता पनि गाउँपालिका क्षेत्र भित्र वसोवास गर्ने यूवा उमेर समुहका अन्य कुनै नोकरीमा संलग्न नभएका यूवाहरुलाई पनि व्यवसाय संचालनका लागि आवेदन गर्न सक्ने छ ।

## परिच्छेद – ५

## सूचना प्रकाशन, पहिचान र छनौट गर्ने, समुह निर्माण, तालिम र कर्जा सहजिकरण सम्बन्धि व्यवस्था

**११. यूवा छनौटका लागि सूचना प्रकाशन गर्ने :–**

(१) यूवा स्वरोजगार कार्यक्रम संयोजन समितिले उद्यम व्यावसाय संचालन गर्न ईच्छुक व्यक्ति वा समुहवाट अनुसुचि - १ वमोजिमको ढाँचामा आवेदन आव्हान गर्ने छ ।

(२) आवेदनका साथमा निज समुह सदस्यहरु वडाको स्थायी वासिन्दा भएको वडाको सिफारिस समेत पेश गर्नु पर्ने छ, तर यसरी सिफारिस उपलब्ध गराउदा सिफारिस वापतको दस्तुर लिईने छैन ।

**१२. यूवा स्वरोजगारका लागि उद्यमी पहिचान र छनौट गर्नेः**

(१) यूवा स्वरोजगार कार्यक्रम संयोजन समितिले सम्भाव्य यूवाहरुको निवेदन उपर प्रारम्भिक अनुसन्धान गरी दफा ४ वमोजिमको लक्षित समूहका सदस्यहरूलाई छनौट गर्नु पर्दछ ।

(२) सम्भाव्य यूवा पहिचान गर्दा कार्यक्रमको उद्देश्य बमोजिम अति गरिब, पिछडिएका महिला, आदिवासी जनजाति, दलित, अपाङ्ग, सीमान्तकृत तथा सुविधाविहीन समूहको अनुपातलाई ध्यान दिनु पर्दछ। यस क्रममा सम्बन्धित वडाको सिफरिस समेत लिन सक्नेछ।

(३) यूवा प्रतिको धारणा, प्रतिबद्धताको स्तर, उपयुक्त उमेर समूह जोखिम वहन गर्न सक्ने क्षमताको स्तर, चाहना, तत्परता, उद्यमको लागि दिने समय, गतिशीलता, पारिवारिक व्यवसायिक वातावरण जस्ता गुणहरूलाई समेत सम्भाव्य उद्यमी पहिचान प्रकृयामा उचित महत्व दिनु पर्दछ।

(४) सम्भाव्य व्यवसायीको पहिचान गरेपछि सोको विवरण तयार गरी यूवा स्वरोजगार समितिले यस कार्यक्रमका सम्भाव्य उद्यमीको अन्तिम छनौट गर्नु पर्दछ।

(५) उद्यमी छनौट गर्दा समुह निर्माण भै आएमा त्यस्ता समुहलाई प्रथम प्राथमिकता दिनु पर्ने छ। समुहमा आबद्ध हुन यस कार्यविधि वमोजिम योग्य भएका कम्तिमा ३ जना र वढिमा ७ जना सम्मको व्यक्ति हरु रहन सक्ने छन।

१३. **समूह निर्माण गर्नेः**

(१) सम्भाव्य उद्यमी पहिचान भै सकेपछि समुह भै नआएका उद्यमीलाई कार्यक्रमको उद्देश्य, सहभागीको रुची, क्षमता, आवश्यकता, सम्भाव्यता, कच्चा पदार्थ र बजारको उपलब्धता लगायतका पक्षहरूमा ध्यान दिई समितिले विभिन्न समूहमा आवद्ध हुन सहभागीलाई अभिमुखीकरण गर्नु पर्नेछ।

(२) समूह निर्माण गर्दा समूह परिचालन, समूह सदस्य सङ्ख्या, समूहका सदस्यहरू आवद्ध रहेको समुदाय, भौगोलिक समुहमा आवद्ध गर्न नसकेमा व्यवसाय वा उद्यमको प्रकृती अनुसार एकल रुपमा पनि व्यावसाय गर्न उद्यमी छनौट गर्न सकिनेछ।

१४. **तालिम प्रदान गर्ने** :– समितिबाट छनौट भई समूह निर्माण भए पश्चात कार्यक्रमबाट आवश्यकता भै आएमा निम्नानुसारको तालिम उपलब्ध गराइने छ।

(क) यूवा विकास तालिम :-

(१) गाउँपालिकाले समितिको सिफारिसमा सम्भाव्य यूवाहरूलाई तालिम स्थलमा विभिन्न समूहमा उपस्थित गराई सात दिनको उद्यम विकास सम्बन्धी तालिम दिनुपर्नेछ।

(२) उद्यमशीलता विकास तालिमको पाठ्यक्रममा मूलतः लघु उद्यम सिर्जना तथा विकास (MECD), आफ्नो व्यवसाय सुरु तथा सुधार गरौ (Start and Improve Your Business-SIYB), Training of Potential Entreprenuer-TOPE/Training of Start up Enterprenuer- TOSE/Training of Existing Enterprenue- TOEE/ Traing of Growing Enterprenue-TOGE जस्ता विषयहरू समावेश हुनेछन्।

(ख) सिप विकास तालिम सञ्चालन गर्ने :

(१) गाउँपालिकाले यूवाहरुलाई विकास तालिम लिएका सहभागीहरू मध्ये सम्भावित व्यवसाय छनौटका आधारमा विभिन्न समूहमा आबद्ध गरी सिप विकास तालिम सञ्चालन गर्नु पर्नेछ।

(२) उद्यमशीलता विकास तालिमका सहभागीहरूलाइ गाउँपालिकाले कामको प्रकृतिको आधारमा साधारणतया ७ दिन देखि ३ महिनासम्मको तालिममा सहभागी गराउनेछ। तालिम संचालन तथा रकम खर्च सम्बन्धमा समितिबाट निर्णय भए बमोजिम हुनेछ।

१५. **लघु कर्जा पहुंचका लागि सहजीकरण गर्ने** :– गाउँपालिकाले लघु उद्यम सञ्चालनमा आवश्यक लगानीको सुनिश्चितताका लागि मुख्यतः तीन पक्षमा ध्यान दिएर सहकार्य गर्ने छ जस अन्तर्गत :

(क) अति विपन्न यूवा जसको आफ्नो घरमा उद्यम व्यवसाय सञ्चालनका लागि स्थान छैन भने त्यस्ता सम्भाव्य लघु उद्यमीहरुका लागि साझा सुविधा केन्द्र मार्फत उद्यम सञ्चालनमा सहजिकरण गर्ने, उद्यम सञ्चालनका लागि उपकरणको व्यवस्थापन गरीदिने ।

(ख) सम्भाव्य लघु उद्यमी यूवाहरु जसको आफ्नै थोरै पूँजि छ र त्यसबाटै लघु उद्यम सञ्चालन गर्ने किसिमको व्यवसायिक योजना बनाएका छन् भने त्यस्ता लघु उद्यमीहरुको पहिचान गरी उद्यम स्थापनाका लागि सहजीकरण गर्ने, सञ्चालनका लागि उपकरणको व्यवस्थापन गरीदिने।

(ग) सम्भाव्य लघु उद्यमीयूवाहरु जसलाई कर्जाको आवश्यकता छ भने त्यस्ता लघु उद्यमीहरुको पहिचान गरी यस कार्यक्रमको रकमबाट कर्जा उपलब्ध गराउने तथा स्थानीय तहमा उपलब्ध भएका सहकारी, बैंक तथा वित्तिय संस्थाहरुसंग प्रत्यक्ष भेटघाट, परामर्श, गोष्ठि र आवस्यक सम्झौता मार्फत सम्वन्धित उद्यमी र वित्तीय संस्था बीच अन्तरक्रिया गराई थप सहुलियतपूर्ण कर्जा पहुँचमा सुनिश्चितता गर्ने ।

## परिच्छेद – ६

## प्रविधि हस्तान्तरण र सहजीकरण, अनुदान तथा ऋण व्यवस्था

१६. **उपयुक्त प्रबिधिमा पहुंचका लागि प्रविधी हस्तान्तरण र सहजीकरण** : गाउँपालिकाबाट तालिम लिई उद्यमी बन्न योग्य यूवाहरुलाई आवश्यक पर्ने प्रविधि उपलब्ध गराउनका लागि आवश्यक प्रविधि पहिचान गरी यूवाहरुलाई आवश्यक उपयुक्त प्रविधि हस्तान्तरण गर्नुपर्नेछ । साथै प्राविधिक सीप विकास तालिममा प्रयोग भएका प्रविधिहरुलाई समेत लागत सहभागितामा सहभागीहरुलाई नै हस्तान्तरण गर्नु पर्नेछ ।

१७. **अनुदान तथा ऋण सम्बन्धि व्यवस्थाः-** यूवा उद्यमी व्यवसायी वा समुह सदस्यको रुची, लगानीको क्षमता, विगतका काम प्रतिको लगाव, ईमान्दारिता तथा जमानीको प्रकृतिका आधारमा समितिको निर्णयानुसार देहाय वमोजिम सहयोग, अनुदान तथा ऋण उपलब्ध गराईनेछ।

(क) तालिमको आयोजना/सञ्चालन गाउँपालिकावाट गरिने छ र अगाडी नै तालिम लिएको भए सो को प्रमाण पेश गर्नु पर्नेछ।

(ख) मेशीनरी औजार तथा पूँजिगत खर्चका हकमा प्रतिव्यक्ति रु.५००००।- (पचास हजार रुपैयामा) नवढने गरी वढिमा रु.५ लाख सम्म ऋण उपलब्ध गराईने छ।

(ग) कच्चा पदार्थ खरीद का लागि प्रति समुह वढिमा रु.१०००००।- (एक लाख रुपैया )सम्म ऋण उपलब्ध गराईने छ।

(घ) उद्यम व्यावसाय संचालनका लागि अति विपन्न यूवा उद्यमीलाई आवश्यक घर भाडा का लागि प्रति महिना ५० % मा नवढने गरी वढिमा रु.४०००।- (चार हजार रुपैया) का दरले ३ महिना सम्मको अनुदान (घर भाडा सम्झौताका आधारमा) उपलब्ध गराईने छ।

(ङ) उद्यम व्यावसायको शुरुवात गर्दा आवश्यक पर्ने विविध एंव भैपरी खर्चका लागि एक मुष्ट रु.१००००।- (दश हजार रुपैया) प्रति समुह अनुदान उपलब्ध गराइने छ।

(च) बाख्रा पालनः बाख्रा पालन गर्ने उद्यमीहरुलाई सुधारिएको खोर निर्माण तथा सुधारका लागि माउ संख्याको आधारमा प्रति माउ रु. १०००० का दरले अनुदान प्रदान गरिने छ।

(छ) गाई भैसि पालनः गाई भैसि पालन गर्ने उद्यमीहरुलाई गोठ निर्माण तथा सुधारका लागि गाई भैसि संख्याको आधारमा प्रति गाई भैसि रु. १०००० का दरले अनुदान प्रदान गरिने छ।

(ज) कुखुरा पालनः लोकल कुखुरा पालन गर्ने उद्यमीहरुलाई खोर निर्माण तथा सुधारका लागि माउ संख्याको आधारमा प्रति माउ रु. ४००० का दरले र लटमा पाल्नेको हकमा वा ब्रोइलरको हकमा प्रति चल्ला रु. १०० अनुदान प्रदान गरिने छ।

(झ) टर्कि पालनः टर्कि पालन गर्ने उद्यमीहरुलाई खोर निर्माण तथा सुधारका लागि माउ संख्याको आधारमा प्रति माउ रु. ५००० का दरले र लटमा पाल्नेको हकमा प्रति चल्ला रु. २०० अनुदान प्रदान गरिने छ।

(ञ) वंगुर पालनः वंगुर पालन गर्ने उद्यमीहरुलाई खोर निर्माण तथा सुधारका लागि माउ संख्याको आधारमा प्रति माउ रु. ८००० का दरले अनुदान प्रदान गरिने छ।

(ट) तरकारी खेतीः तरकारी खेती गर्ने उद्यमीहरुलाई तरकारीको विऊविजन तथा मलखाद खरिदका लागि जग्गाको क्षेत्रफलको आधारमा प्रति कठ्ठा रु. १५००० का दरले अनुदान प्रदान गरिने छ।

(ठ) फलफुल खेतीः फलफुल खेती गर्ने उद्यमीहरुलाई फलफुलको विरुवा, मलखाद खरिद तथा व्यवस्थापनका लागि फलफुलको संख्याको आधारमा प्रति बोट रु. ३०० का दरले अनुदान प्रदान गरिने छ।

(ड) खाद्यान्न बाली बिऊ उत्पादनः खाद्यान्न बाली बिऊ उत्पादन खेती गर्ने उद्यमीहरुलाई मुल बिऊ, मलखाद खरिद तथा व्यवस्थापनको लागि लागि जग्गाको क्षेत्रफलको आधारमा प्रति कठ्ठा रु. १००० का दरले अनुदान प्रदान गरिने छ।

(ढ) माछा पालनः माछा पालन गर्ने उद्यमीहरुलाई तलाउ निर्माण तथा मर्मत संभार, माछाको भुरा र दाना खरिदका लागि लागि तलाउको क्षेत्रफलको आधारमा प्रति कठ्ठा रु. २०००० का दरले अनुदान प्रदान गरिने छ।

(ण) यहाँ उल्लेख नभएका अन्य रैथाने तथा नगदेबालीको हकमा संभावनाको आधारमा कार्यक्रम अनुगमन तथा व्यवस्थापन समितिले निर्धारण गर्नेछ।

(त) प्रति युवा उद्यमी अनुदान रकम अधिकतम रु. ४०००० सम्म प्रदान गरिने छ। थप व्यवसाय विस्तारका लागि व्यवसायिक योजना अनुसार सुलभ कर्जा प्राप्तीका लागि सहजीकरण गरिने छ।

## परिच्छेद – ७

## व्यावसाय विक्री गर्न नपाईने, कोषको संचालन, सम्झौता र ऋण रकम

१८. **ऋणको साँवा व्याज चुक्ता नगरी उद्यम व्यावसाय विक्रि गर्न नपाईने** : यस कार्यविधि वमोजिम ऋण वा अनुदान प्राप्त गरी संचालन भएको उद्यम व्यावसाय वा त्यही प्रयोग भएको पुजिगत सामाग्री वा मेशनरी औजार यस कार्यविधि वमोजिमको ऋणको सावाँ चुक्ता नगरी विक्रि वितरण गर्न पाईने छैन । तर यस दफाले उद्यम व्यावसायमा उत्पादन भएका सामाग्री विक्रि वितरण गर्न रोक लगाएको मानिने छैन ।

१९. **कोषको व्यवस्था तथा संचालन** :

(क) गाउँपालिकाले यूवा स्वरोजगार कार्यक्रमका लागि छुटै कोषको व्यवस्था गर्न सक्ने छ ।

(ख) यस्तो कोषमा गाउँपालिकाले वार्षिक रुपमा यस कार्यक्रमको लागि विनियोजन गरेको रकम र यूवा उद्यमी व्यावसायिवाट सापटी फिर्ता वापत प्राप्त साँवा व्याजको रकम रहने छ । यस अतिरिक्त विभिन्न समयमा संघिय सरकार वा प्रदेश सरकार वा अन्य कुनै निकायवाट वा अन्य कुनै प्रकारले प्राप्त रकम पनि रहने छ ।

(ग) कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत एंव लेखा शाखाको कर्मचारी वाट हुने छ ।

(घ) कोषको आम्दानी तथा खर्चका सम्बन्धमा छुटै रुपमा लेखा तथा विवरण अद्यावधिक गरी राख्नु पर्ने छ ।

(ङ) कोषको रकम समितिको निर्णय वमोजिम खर्च गर्नु पर्ने छ ।

२०. **सम्झौता गर्नु पर्ने** : छनौट भएका यूवा उद्यमी, व्यवसायी समुह र गाउँपालिका वीच सम्झौता गरीने छ । सम्झौता मा प्रथम पक्षमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले र दोश्रो पक्षमा समुह सदस्यहरु ले हस्ताक्षार गर्नु पर्ने छ ।

२१. **ऋण रकम अनिवार्य दायित्व हुने** :- यस कार्यविधि वमोजिम उद्यम व्यावसायमा ऋण प्राप्त गर्न सफल उद्यमी हरुले प्राप्त गरेको ऋण (साँवा) अनिवार्य रुपमा फिर्ता गर्नु पर्ने छ । कसैले ऋण चुक्ता गर्न हेलचक्रयाई गरेमा वा फरार भएमा  कानून वमोजिम कारवाही हुने छ र गाउँपालिकावाट निजले प्राप्त गर्ने सवै प्रकारका सेवा सुविधावाट निजलाई वन्चित गरिने छ । निजको नाममा कुनै पनि प्रकारको सिफारिस उपलव्ध गाराईने छैन । ऋण रकम निजको जायजेथा वाट असुल उपर गरीने छ ।

## परिच्छेद – ८

## बिमा तथा कर्जा  जोखिम सम्बन्धि अन्य व्यवस्था

२२. **बिमा सम्बन्धि व्यवस्था** : यस कार्यविधि बमोजिम सञ्चालन हुने उद्यम व्यवसायहरुको नेपाल राष्ट्र बैङ्क बाट मान्यता प्राप्त विमा सेवा प्रदायक संस्थामा अनिवार्य रुपमा विमा गर्नुपर्नेछ । विमा नगरिएको कुनै पनि व्यवसायलाई यस कार्यविधि बमोजिम अन्य कुनैपनि शर्तका लागि योग्य मानिनेछैन् ।

२३. **कर्जा जोखिम सम्बन्धि व्यवस्था** :

(१) यस कार्यविधि बमोजिम यूवा स्वरोजगार कोष तथा बैङ्क तथा वित्तीय संस्था मार्फत प्रवाह भएको कर्जाको जोखिम व्यवस्थापन सम्बन्धमा गाउँपालिकाले देहायका शर्तहरुमा सुनिश्चितता प्रदान गर्नेछ :

(क) बैङ्क तथा वित्तिय संस्था मार्फत कर्जा लिएका ऋणीको मृत्यु भएमा बाँकि बक्यौता रहेको ऋण रकम समिति र गाउँ कार्यपालिकाको सिफारिस पश्चात गाउँ सभाले निर्णय गरेबमोजिम गाउँपालिकाले चुक्ता गरिदिनेछ ।

(ख) बैङ्क तथा वित्तिय संस्था मार्फत कर्जा लिएर सञ्चालनमा रहेका व्यवसायहरु प्राकृतिक प्रकोप, विपद जन्य घटनाहरुका कारण क्षति भई ऋणीले ऋण तिर्न नसक्ने भएमा बाँकि बक्यौता रहेको ऋण रकम समिति र गाउँ कार्यपालिकाको सिफारिस पश्चात गाउँ सभाले निर्णय गरे बमोजिम गाउँपालिकाले चुक्ता गरिदिनेछ ।

(२) उपदफा (१) बमोजिम ऋण बक्यौता भुक्तानी गर्दा दफा २२ बमोजिम विमा रकममा हुन आउने अपुग रकम मात्र गाउँपालिकाले व्यहोर्नेछ।

## परिच्छेद – ९

## व्यवसाय संचालन गर्न नसक्ने, अभिलेख, ऋण रकम असुली र व्यवसाय विकास र बजार व्यवस्थापन

२४. **व्यवसाय संचालन गर्न नसक्ने भएमा निवदेन दिनु पर्ने** : कुनै दैवी विपत्ति परी वा कावु वाहिरको परिस्थितिका कारण यूवा उद्यमी व्यावसायीले यस कार्यविधि वमोजिम संचालन गरेको उद्यम व्यवसाय संचालन गर्न नसक्ने अवस्था सृजना भएमा निजले सो सवै कुरा खुलाई समिति समक्ष निवेदन पेश गर्नु पर्ने छ । यसरी निवेदन पेश भएमा समितिले कुनै कर्मचारीलाई पुजिगत सम्पति वा मेसीनरी औजार को मूल्याकन गर्न लगाउने छ र ऋणका अंश खाम्ने सक्ने भएमा निजलाई ऋणवाट उन्मुक्ति दिन सक्ने छ। यसरी मूल्याकंन गर्दा ऋणको अशं खाम्न सक्ने सम्मको सामाग्री आफनो नियन्त्रणमा राखि वढि भएको सामाग्री सम्बन्धित व्यक्तिलाई नै फिर्ता दिनु पर्ने छ।

२५. **अभिलेख राखिने** :– यस कार्यविधि वमोजिम ऋण लिएर समय भित्र चुक्ता नगर्ने वा शुरु गरेको उद्यम व्यावसाय संचालन नगरी अन्यत्र जाने वा विना स्वीकृती उद्यम व्यावसाय परिवर्तन गर्ने व्यक्तिको नाम गाउँपालिकाले छुटै अभिलेखमा राख्ने छ र सो को जानकारी सवै वडा कार्यालयहरु तथा गाउँपालिका कार्यालयहरुमा समेत गराईने छ । यस्तो अभिलेखमा नामसमावेश भएको व्यक्ति निजको एकाघर परिवार सदस्यलाई भविष्यमा कुनै पनि प्रकारको सहयोग र सिफारिस उपलब्ध हुने छैन।

२६. **ऋण रकमको असुली प्रक्रिया** :– यूवा उद्यमी व्यावसायीले उद्यम व्यावसाय शुरु गरेको मितिले वढिमा ५ महिना देखि हरेक ३/३ महिनामा नियमित रुपमा ऋणको साँवा रकम गाउँपालिकामा जम्मा गर्नु पर्ने छ । ऋण

भुक्तानीको अवधि वढिमा २ वर्षको हुने छ। तर ५० % साँवा ऋण चुक्ता गरेमा व्यावसाय वृद्धि गर्न चाहेमा शुरु लगानीको ५० % ऋण समितिले थप गरी दिने सक्ने छ। यसरी थपिएको ऋणको अवधि थप ३ वर्षको हुने छ। ऋण रकममा कुनै प्रकारको व्याज लाग्ने छैन तर निर्धारित समय भित्र किस्ता नतिरेमा गाउँपालिकाले ५ % का दरले जरिवाना लगाउन सक्ने छ।

२७. **व्यवसाय विकास परामर्श तथा बजार विस्तार** :- यो कार्यक्रम सन्चालन भए पश्चात गाउँपालिकाले यूवा उद्यमीहरुबाट उत्पादित बस्तुहरुको सरल र सहज विक्री व्यवस्थाको लागि बजारीकरण सन्जाल विस्तार र व्यवसायिक परामर्श सेवा प्रदान गर्नु पर्नेछ।

## परिच्छेद – १०

## अनुगमन तथा मूल्याकंन ,उजुरी गुनासो र लागत सहभागिता

२८. **अनुगमन तथा मूल्याङ्कन** :-

(१) यस कार्यक्रमलाई प्रभावकारी र नतीजामुखी बनाउन देहाय बमोजिमको एक अनुगमन तथा मूल्याकंन समिति रहनेछ :

| | | |
|---|---|---|
| संयोजक | : | उपाध्यक्ष, गोलन्जोर गाउँपालिका, सिन्धुली |
| सदस्य | : | अधिकृतस्तरको १ जना कर्मचारी, प्रशासन शाखा, गोलन्जोर गाउँपालिका, सिन्धुली |
| सदस्य | : | गाउँसभा सदस्यहरु मध्येबाट अध्यक्षले मनोनित गरेका १८-५० बर्ष उमेर समुहका कम्तिमा १ जना महिला सहित २ जना सदस्यहरु |
| सदस्य-सचिव | : | प्रमुख, उद्योग/सामाजिक विकास शाखा वा प्रमुख प्रशासकिय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी |

(२) समितिले आवश्यकता अनुसार यूवा व्यावसायी समुह बाट प्रतिनिधीत्व गराउन सक्नेछ।

(३) कार्यक्रमका प्रगतिहरुलाई अनिवार्य रुपमा अध्यावद्यिक गर्नुपर्नेछ।

(४) समिति सदस्यहरुलाई उपलब्ध गराइने सेवा सुविधा तोकिए बमोजिम हुनेछ।

## २९. **उजुरी र गुनासो व्यवस्थापन प्रकृया :**

(१) कार्यक्रम सम्बन्धी कुनै गुनासो पर्न आएमा सोको व्यवस्थापन र सुधारको लागि तत्सम्बन्धी निर्णय गरी कार्यान्वयन गर्ने जिम्मेवारी यूवा स्वरोजगार संचालन समितिको हुनेछ।

(२) उजुरी लिनको लागि उजुरी पेटिका (Complaint Box) र विद्युतीय माध्यम लगायतका अन्य माध्यम प्रयोग गर्न सकिने छ।

(३) प्राप्त उजुरी र गुनासोको अभिलेख राखी त्यसको सम्बोधन गर्ने लिनु पर्ने कदमको सिफारिस सहितको प्रतिवेदन पेश गर्ने तथा निर्णयको कार्यान्वयन गर्ने जिम्मेवारी उद्यम विकास कार्यक्रम संयोजक समिति र समितिको सदस्य-सचिवको हुनेछ।

(४) सम्झौताः युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको सम्झौता आवेदन छनौट समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम परिच्छेद ३ को कार्यक्रम स्थापना र कार्यक्रम संचालन सम्वन्धि दफा ७ को उपदफा २ क अनुसारको नीति अनुसार प्रमुख प्रशासकिय अधिकृतले तोकिएको ढाँचामा कार्यक्रम सम्झौता तथा भुक्तानी गर्नु पर्नेछ। साझेदार संस्थाको हकमा सम्बन्धित संस्थाको सञ्चालक समितिको निर्णय बमोजिम प्रशासन प्रमुखले गर्नु पर्नेछ।

(५) भुक्तानीः युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको सम्झौता भए पश्चात् अनुदान ग्राहीहरुलाई सम्झौता बमोजिमको रकम एकमुष्ठ वा किस्ता बन्दिमा चेक मार्फत भुक्तानी गर्नु पर्नेछ।

(६) प्रतिवेदनः युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको प्रगति प्रतिवेदन बमोजिमको ढाँचामा कार्य सम्पन्न भए पश्चात पेश गर्नुपर्नेछ।

(७) अनुगमन तथा मूल्यांकनः युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको अनुगमन तथा मूल्यांकन आवश्यकता अनुसार वडा कार्यालय र कार्यक्रम अनुगमन तथा समन्वय समिति मार्फत गरिने छ।

३०. **लागत सहभागिता (cost sharing) लाई बढावा दिने** :

(१) यूवा स्वरोजगार अभियानलाई आत्मनिर्भर बनाउन उद्यम कार्यक्रम संयोजक समितिले लागत सहभागितालाई बढावा दिने नीति अवलम्बन गर्नेछ।

(२) साझा सुविधा केन्द्र सञ्चालन, एडभान्स तालिम, प्रविधि हस्तान्तरण, प्रविधिक र परामर्श सेवा लगायतका व्यवसायिक सेवा र तालिम लागत सहभागिताको आधारमा सञ्चालन गर्न सकिनेछ।

## परिच्छेद – ११

## विविध

३१. **खर्चका मापदण्डहरु** : यस कार्यविधिको कार्य प्रयोजनका लागि खर्चका मापदण्डहरु गाउँपालिकाबाट निर्धारण भए बमोजिम हुनेछ।

३२. **वित्तिय संस्था मार्फत कार्य गराउन सक्ने** : समितिको सिफारिसमा गाउँकार्यपालिकाले निश्चित प्रक्रिया र मापदण्ड तोकी यस कार्यविधि वमोजिमको ऋण प्रदान गर्ने र असुली गर्ने कार्य कुनै वित्तिय संस्था मार्फत पनि गराउन सक्ने छ।

३३. **व्यवसाय दर्ता गर्नु पर्ने** : यस कार्यविधि वमोजिम व्यवसाय शुरु गरेपछि अनिवार्य रुपमा गाउँपालिका तथा सम्बद्ध निकायमा व्यावसाय दर्ता गर्नु पर्ने छ।

३४. **साझेदारी गर्न सक्ने** : यस कार्यक्रममा गाउँपालिका क्षेत्र भित्र कार्यक्रम संचालन गरी रहेको अन्य सरकारी तथा गैरसरकारी संघ संस्था हरुले पनि साझेदारी गर्न चाहेमा समितिको स्वीकृतीमा तालिम संचालन, अनुदान तथा ऋण लगानीमा सहकार्य गर्न सक्ने छ। तर यसरी साझेदारी गरेको रकम मध्ये ऋण तर्फ लगानी भएको रकम ऋण असुली पछि यस कार्यविधि वमोजिमको कोषमा नै जम्मा हुने छ।

३५. **सहयोग गर्नु पर्ने** : यस कार्यविधि वमोजिम यूवा स्वरोजगार संचालन कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तव्य हुने छ।

३६. **व्याख्या गर्ने अधिकार** : यस कार्यविधिमा भएको कुनै व्यवस्था अस्पष्ट भई व्याख्या गर्नु पर्ने भएका गाउँ कार्यकापलिकाले अन्तिम व्याख्या गर्ने छ।

३७. **कार्यविधि संशोधन गर्न सक्ने** : गाउँपालिकाले आवश्यकता अनुसार यो कार्यविधिमा संशोधन गर्न सक्नेछ।

३८. **वाधा अड्काउ फुकाउने** : यस कार्यविधिमा उल्लेख भएका कुराहरु मा संशोधन वा वाधा अडाकाउ फुकाउनु परेमा कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

३९. **अमान्य/बदर हुने** : यस कार्यविधिमा उल्लेख भएका कुराहरु संघीय कानून तथा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य वा बदर वा निस्क्रिय हुनेछ।

४०. **खारेजी** : यस कार्यविधिको औचित्यता र आवस्यकता नभएमा गाउँ कार्यपालिकाले जुनसुकै बखत खारेज गर्न सकिनेछ।

अनुसूचि - १

वुदा नं.११ को उपबुदाँ १ सँग सम्बन्धीत

## यूवा व्यवसायीका लागि दिईने निवेदनका ढाचा

**मिति :-**

**.................................... गाउँपालिका**

**विषय : व्यावसायीक उद्यम वा व्यवसाय संचालका लागि निवेदन पेश गरेको सम्बन्धमा ।**

उपयुक्त सम्बन्धमा म/ हामी तपशिलका व्यक्तिहरुले...................... जिल्लाको ................ निर्वाचन क्षेत्र .......... गाउँपालिका अन्तरगरको .......................... वडा नं .................... मा व्यवसाय संचालन गर्न चाहेको हुनाले प्रविधि र व्यवसायिक (उद्यमको नाम) देहायको व्यावसायीक क्षेत्रमा संचालन गर्न ऋण सहयोग पाँउ भनी निर्देशिकाले निर्धारित गरेको शर्तहरुमा मन्जुर गरी तपशिल अनुसारको विवरण सहितको आवश्यक काजगात राखी यो निवेदन पेश गरेको छ । छैन

**सस्थागत विवरण :**

(१) उद्यमी समुहको नाम :- ......................

(२) समुहको ठेगना : जिल्ला .........गाउँपालिका....... वडा नं............

(३) सम्पर्क व्यक्तिको नाम :- .................................... पद...........

ठेगना ................ सम्पर्क नं ..................

समुह अध्यक्षको नाम :.................. समुह उद्यमीको छाप :-

(४) लागत अनुमान :

(५) निवेदक उद्यम समुहका सदस्यहरुको विवरण :

युवा स्वारोजगार संचालन कार्यविधि ,२०७६ मा भएको व्यवस्था सम्बन्धमा पूर्ण सहमत छ/छौ अन्यथा भएको खण्डमा कानुन वमोजिम सहने छ/छौ ।

नाम थर :- हस्ताक्षार :-

## अनुसूचि २

**व्यावसायीक उद्यम गर्न सकिने व्यावसायीक क्षेत्रहरु :**

(१) कृषि तथा पशुपक्षिमा आधारित उद्यम व्यवासया : तरकारी खेती, फलफुल खेती, अन्य उत्पादन। माछा पालन, हाँस, कुखुरा, बटटाइ। खरायो, ब्रखा, गाई, भैसी, भेडा, च्याग्रा, चौरी, अकवरे । अम्रिसो, अदुवा, लसुन, खुर्सानी, दुध डरी र दुधपाट बनेका परिकाहरु, रेशम खेती र उत्पादन भएका सामाग्रीहरु, किवि खेती, विउ विजन उत्पादन तथा प्रशोधन र संरक्षढा आदि ।

(२) वन पैदावारमा आधारित उद्यम व्यवासाय : फर्निचर, काठका, उर्जाबाट सामाग्री, क्यरीयो, सामाग्री अलैची, औषधिका लागि कच्चा सामाग्रीहरु उत्पदान, चिराईतो, सामुदायिक वन ।

(३) विज्ञान तथा सुचना प्रविधि र संचारमा आधारित उद्यम व्यावसाय : विज्ञानका आविश्कारहरु, आई सिटि सम्बन्धी व्यवासायहरु, मोवाईल, रेडियो, टिभि मर्मत तथा विक्री केन्द फोटो तथा सुटिङ, स्टिुडियो, फोटोग्राफि, रेडियोग्राफि, भाषा प्रशिक्षण, भाषा रुपान्तरण, ट्युसन कोचिङ कक्षाहरु ।

(४) पर्यटक प्रर्वद्धनमा आधारित उद्यम व्यावसाय : भाषा प्रशिक्षण, होटल व्यावसाय, क्यारियोसमान, निर्माण र विक्रि, होमस्टे रिसोर्ट, टुरिष्ट गाईड ।

(५) निर्माणमा आधारित उद्यम व्यावसाय : फलाम, काठ, माटो, ढुङ्गा ईट्टा, टायल, सिमेन्ट वेतवास, तारजालि, छाला, आदिका उद्योगहरु र त्यसवाट बनेका सामाग्रीहरु, हस्तकाला, चित्रकला, मुर्तिकला, हाउस वायरिङ, रंगरोगन, गोवरग्यास उन्नत चुलो, डकर्मी पेशा, सिकर्मी पेशा, क्रशर उद्योग

(६) कलामा आधारित उद्यम व्यावसाय : ढाका, मखमल, सुती ऊन आदिका कपडा बुन्ने वेतवास तथा परालजन्य सामाग्री डोको,

नाम्लो, मान्द्रो सुकुल गुन्द्री, गलैचा आदि वनाउने कपडा सिलाई वुनाई वुटिक फेसन डिजाईन, व्युटि पार्लर, हेयरकटिङ, मेहन्दी, चुरापोते, टिका, सजावटका सामाग्री, खेलौना, अगरबत्ती, धुप, मैनवत्ति गर गहनाहरु पेन्टिङ आदी ।

(७) संस्कृति, साहित्य सजृना, गित संतिगतमा आधारित उद्यम व्यावसाय : साँस्कृतिक परम्परागत नृत्य, वाद्य वाधन, कविता, कथा, निबन्ध,गायन, गीत रचना, बाद्यबादन ,नृत्य संगित आदि

(८) खाद्य प्रशोधनमा आधारित उद्यम व्यावसाय : अचारहरु, गुन्द्रक, मस्यौरा, सुकुटि (स्याउ,मासु, माछा, मुला,करेला आदि) सिस्नो, चिया, (तुलसी, ग्रिनटी आदि) चाउमिन, दालमोठ, चिप्स, जुस, जाम, जेली तथा पेय पदार्थहरु

**अनुसूची ३**
**परिच्छेद ११ को दफा ३१ सँग सम्वन्धित**
**गोलन्जोर गाँउपालिका,**
**गाँउ कार्यपालिकाको कार्यालय,ग्वाल्टार**
**बागमती प्रदेश**

## युवा उद्यमशिलता विकास अनुदान कार्यक्रममा सहभागी युवा उद्यमीको प्रगति प्रतिवेदनको ढाँचा

१. **परिचयात्मक विवरण**

| | |
|---|---|
| उद्यमीको नामः | |
| ठेगानाः | |
| फोन नं.: | |
| नागरिकता नं.: | |
| पान नं. | |

२. **व्यवसायको नामः**

३. **कार्यक्रमबाट लाभान्वित परिवार संख्याः महिलाः पुरुषः**

४. **कार्यान्वयन विधिः**

५. **क्रियाकलापः**

६. **कार्यक्रम सञ्चालन गर्दाको खर्च विवरण**

| क्र. सं. | क्रियाकलाप | परिमाण | दर | जम्मा खर्च रकम | गाउँपालिका | स्वयं लगानी |
|---|---|---|---|---|---|---|
| १ | खोर गोठ सुधार | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| | जम्मा रकम | | | | | |

७. **कार्यक्रमको अनुगमनः**

अनुसूची ४
परिच्छेद ७ को दफा २० सँग सम्वन्धित
गोलन्जोर गाँउपालिका,
गाँउ कार्यपालिकाको कार्यालय,ग्वाल्टार
बागमती प्रदेश

## युवा उद्यमशिलता विकास अनुदान कार्यक्रममा सहभागि हुन इच्छुक युवा वीचको सम्झौता पत्रको ढाँचा

.................गाँउपालिका, ................... (यस पछि प्रथम पक्ष भनिने) र.....................पछि दोस्रो पक्ष भनिने) विच व्यवसाय परिमाणको आधारमा अनुदान कार्यक्रम (बाख्रा/दुध/कुखुरा/तरकारी/बंगुर/माछा) मा तपसिलका सर्तहरु पालन गर्ने गराउने गरी यो द्धिपक्षीय सम्झौता गरिएको छ।

**तपसिलः**

**सम्झौताका शर्तहरुः**

१. गाँउपालिका मार्फत युवा उद्यमीहरुले ...............व्यवसाय प्रवर्द्धन गर्नका लागि रु .............. (अक्षरुपीः .................. मात्र) प्रदान गर्नु पर्नेछ।
२. गाँउपालिकाले युवा उद्यमीहरुलाई व्यवसाय विकासको लागि आवश्यक प्राविधिक सहयोग प्रदान गर्नु पर्नेछ।
३. गाँउपालिकाले उद्यमी सदस्यलाई आवश्यक तालिमहरु (उद्यमशिलता विकास, व्यवसायिक) प्रदान गर्नु पर्नेछ।
४. गाँउपालिकाले युवा उद्यमीलाई व्यवसाय विस्तार गर्नका लागि आवश्यक रकम सहुलियत कर्जाकोरुपमा परिचालन गर्नका लागि वित्तिय निकायहरु सँग सहजीकरण गर्नेछ।
५. युवा उद्यमी सदस्यले सहयोग रकम प्राप्त गरेको ३० दिन भित्रमा योजना गरे अनुसारको व्यवसाय शुरुवात गरि सक्नु पर्नेछ। उद्यमीले सञ्चालन गर्ने व्यवसायको न्यूनतम मापदण्ड तयार गरी यसै सम्झौता साथ संलग्न गरिएको छ।

६. गाँउपालिका बाट अनुगमन गर्दा व्यवसाय शुरुवात नगरिएको वा मापदण्ड पुरा नभएको पाइएमा सहयोग प्राप्त रकम तुरुन्त फिर्ता गर्नु पर्नेछ।

७. युवा उद्यमी समुहमा आवद्ध हुनु पर्नेछ। आफ्नो उत्पादन समुह वा सहकारी मार्फत सामुहिक वजारीकरण गर्नु पर्नेछ।

८. गाँउपालिकाले युवा उद्यमीहरुको व्यवसाय प्रवर्द्धनका लागि अभिभावकिय भूमिका निर्वाह गर्नु पर्नेछ।

९. गाँउपालिकाले मापदण्ड अनुसारको व्यवसाय सञ्चालनको सुनिश्चितता गर्न नियमितरुपमा अनुगमन गरी आवश्यक सल्लाह सुझाव प्रदान गर्नु पर्नेछ।

| दोस्रो पक्ष | प्रथम पक्ष |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नाम : |
| पद : | पदः |
| संस्थाः | कार्यालयः |
| रोहवर | |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | कार्यालयः |

इति सम्वत...........साल.........महिना...........गते रोज........शुभम्।

नोट : द्धिपक्षीय सम्झौता हुँदाका बखत माथिका बुँदाहरुमा थपघट गर्न सकिनेछ र पालिकाको साझेदारीमा अन्य संस्थाले कार्यक्रम सञ्चालन गरेमा त्रिपक्षिय सम्झौता गरिने छ।

**अनुसूची ५**
**परिच्छेद १ को दफा २ को (त) सग सम्वन्धित**
**गोलन्जोर गाँउपालिका,**
**गाँउ कार्यपालिकाको कार्यालय,ग्वाल्टार**
**बागमती प्रदेश**
**कृषि तथा पशुवस्तुमा आधारित लघु, साना, मझौला र ठुला उद्यम वर्गिकरणको विस्तृत विवरण**

| क्र. सं. | वालि तथा पशुवस्तु | लघु उद्यम | साना उद्यम | मझौला उद्यम | ठुला उद्यम |
|---|---|---|---|---|---|
| १ | बाख्रा पालन | ३ देखि १० माउ सम्म | ११ देखि २०० माउ सम्म | २०१ देखि ८०० माउ सम्म | ८०१ माउ भन्दा बढी |
| २ | गाई भैसि पालन | ३ वटा दुधालु गाई भैसि सम्म | ४ देखि ४०० दुधालु गाई भैसि सम्म | ४०१ देखि ६०० दुधालु गाई भैसि सम्म | ६०१ भन्दा बढी दुधालु गाई भैसि |
| ३ | वंगुर पालन | २ देखि १५ माउ सम्म | १६देखि ५०० माउ सम्म | ५०१ देखि ८०० माउ सम्म | ८०१ माउ भन्दा बढी |
| ४ | लोकल कुखुरा पालन | ५० देखि ८५माउ सम्म | ८६ देखि १५०० माउ सम्म | १५०१ देखि २५०० माउ सम्म | २५०१ माउ भन्दा बढी |
| ५ | तरकारी खेती | १ देखि २ रोपनी सम्म | ३ देखि १० रोपनी सम्म | ११ देखि १८ रोपनी सम्म | १९ रोपनी भन्दा बढी |
| ६ | माछा पालन | १० आना देखि १ रोपनी सम्म | २ रोपनी देखि ८ रोपनी सम्म | ९देखि १५ रोपनी सम्म | १६ रोपनी भन्दा बढी |
| ७ | अन्य | १ रोपनी | ७ रोपनी | ११रोपनी | १२ रोपनी देखि माथि रोपनी |

**अनुसूची ५**

**परिच्छेद ५ को दफा १२ को १ सग सम्वन्धित**

**गोलन्जोर गाँउपालिका,**

**गाँउ कार्यपालिकाको कार्यालय, ग्वालटार**

**बागमती प्रदेश**

**युवा उद्यमशिलता विकास अनुदान कार्यक्रममा सहभागी हुन इच्छुक युवाहरुको लागि आवेदन फारमको ढाँचा**

**युवा उद्यमशीलता विकास अनुदान कार्यक्रममा सहभागिताका लागि**

**<u>आवेदन फारम २०७८</u>**

| | |
|---|---|
| आवेदकको नाम | |
| स्थायी ठेगाना | |
| गाउँ/टोल | |
| जन्म मिति | |
| नागरिकता नं. र जारी गर्ने जिल्ला | |
| मूख्य पेशा | |
| परिवार संख्याः | महिलाः पुरुषः बालबालिकाः |
| मूख्य पेशा | |
| बैदेशिक रोजगारबाट फर्केको भए सोको विवरण | कुन देशबाट कति समय सम्म के काम गरेर फर्कनु भएको हो? खुलाउने । |
| फोन नं. | |

**हाल गरिरहेको कामको विवरणः**

| विवरण | मूख्य बाली/वस्तु/पंक्षी | क्षेत्रफल | सरदर वार्षिक उत्पादन |
|---|---|---|---|
| कृषि | | | |
| | | | |
| पशु | | | |
| | | | |
| पंक्षी | | | |
| | | | |
| अन्य | | | |
| | | | |

कृषि तथा पशुपंक्षी उत्पादनको प्रसोधन तथा बजारीकरण संग सम्बन्धित लघुउद्यम भए त्यसका विवरणः

..............................................................................

..............................................................................

भाबी योजना र प्रतिवद्धता

| क. सं. | कृयाकलाप (के गर्ने) | संख्या/क्षमता (कति गर्ने) | बार्षिक उत्पादन लक्ष्य | उद्यम सञ्चालनका लागि परियोजनाबाट अपेक्षा गर्नु भएको न्यूनतम सहयोग |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**आवेदन पेश गर्ने**

हस्ताक्षरः..............................................

नामः..................................................

ठेगानाः...............................................

सम्पर्क नं...............................................

**प्रमाणीकरण मितिः २०७७।०९।१९**

**आज्ञाले,**
**अर्जुन दर्जी**
**प्रमुख प्रशासकीय अधिकृत**